# के.आई.सिंह गाउँपालिका
# वायल, डोटी

पाँचौ गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री मीना देवी बिष्ट ज्यूद्धारा प्रस्तुत आ.ब. २०७६।०७७ को निति तथा कार्यक्रम

## मिति: २०७६।०३।१०

पाँचौ गाउँसभा उद्‌घाटन शत्रका अध्यक्ष एवम् गाउपालिका अध्यक्ष लोकेन्द्र बहादुर शाही ज्यू,

कार्यक्रममा उपस्थित कार्यपालिका सदस्य ज्यूहरु,

गाउसभाका सदस्यह ज्यूहरु

एवम् उपस्थित सम्पूर्ण महानुभाव ज्यूहरु, .

नयाँ संबिधान निर्माण भई राज्यको पुर्नस्थापना पछि अहिले स्थानिय तहको ब्यवस्था भएको छ । सविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तह हुने उल्लेख गरिएको छ। सोही अनुरुप बिगतको बीस वर्ष पछि स्थानीय तहको निर्वाचन सम्पन्न भई गाउपालिकाको निर्वाचित उपाध्यक्षको हैसियतबाट पाचौ सभामा यस के आई सिंह गाउपालिकाको नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउदा खुसी लागेको छ।

यस गरिमामय गाउसभामा उपस्थित सम्पूर्ण महानुभावहरुले महत्वपूर्ण समय दिई ऐतिहासिक सभाको गरिमा बढाइदिनुभएकोमा हार्दिक धन्यबाद व्यक्त गर्दछु । यस निती तथा कार्यक्रमले आगामी आर्थिक बर्षका लागि भाग्यरेखा कोर्ने भएकाले यहाँहरुले यस निती तथा कार्यक्रममा सकृयता पूर्वक छलफल गरि पारित गर्नु हुनेछ भन्ने आशा लिएकी छु।

यस पाँचौ सभामा उपाध्यक्षको हैसियतले आगामी आ.व.२०७६।०७७ को अनुमानित आय, व्यय तथा योजना एवं कार्यक्रमहरु सम्बन्धी नीतिहरु सहित संक्षिप्त बिनियोजनको खाका प्रस्तुत गर्न पाउदा आफुलाई गौरवशाली सम्झेको छु। यस महत्वपूर्ण घडीमा सर्वप्रथम राष्ट्रको निम्ती आफ्नो ज्यानको आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । बिभिन्न राजनैतिक परिवर्तनसंगै बिषम परिस्थिती र चुनौतीहरुको सामना हामीले गर्दै आएका छौं । स्थानिय समुदायका असिमित चाहनाहरुबिच स्थानिय सवालहरुलाई समेट्नुपर्ने दायित्व हामीमाथि आएको छ।

## खण्ड एक : परिचय र समिक्षा

### १.१. पृष्ठभुमी

नेपालको सुदूरपश्चिम क्षेत्र स्थित के.आई.सिंह गाउँपालिका  सेती अञ्चलको डोटी जिल्लामा रहेको छ । नेपाली राजनितीका ऐतिहासिक पुरुष डा. के आई सिंहको जन्मथलो भएकाले उहाँकै नामबाट यस स्थानिय तहको नामाकरण हुन गएको हो । के.आई.सिंह गाउँपालिकामा कूल ७ वडा रहेका छन् । १२७.०१ वर्ग कि.मि.को क्षेत्रफलमा फैलिएको के.आई.सिंह गाउँपालिकाको भु-आकृतिक स्वरुप  खोलानाला, नदि तथा पहाडी भू-भाग रहेको छ भने यसको पूर्वमा अछाम र बोगटान गाउँपालिका छ भने पश्चिममा बडीकेदार गाउँपालिका र शिखर न.पा., उत्तरमा दिपायल शिलगढी न.पा. र शिखर न.पा.  र  दक्षिणमा बोगटान गाउँपालिका  रहेको छ। यसको शालाखाला अधिकतम तापक्रम ३० डिग्री र न्यूनतम तापक्रम १० डिग्री रहेको पाइन्छ। भौगोलिक अवस्थिति यो के.आई.सिंह गाउँपालिका मिती २०७३।१२।०१ गते नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट के.आई.सिंह गाउँपालिका रहन गएको हो र यसको मूख्य कार्यालय साविकको दुर्गामाण्डौ गा.वि.स. वायलमा रहेको छ । यो समुद्री सतहदेखि १३८७.४५ मि. को उचाईंमा काठमाडौं देखि ८५० कि. मि.को दूरीमा र दिपायलबाट २१ कि.मि. दूरीमा स्थित रहेको छ । साल २०६८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्या **२५२१२** रहेको छ भने यस क्षेत्रको जनसंख्या वृद्धिदर ३.९ अनुमानित गरिएको छ । प्रमुख चाडपर्व

स्थानीय स्तरमा बसोबास गर्ने विभिन्न जात जाती तथा समुदायका मानिसहरुको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाड पर्व मनाउने गरिन्छ । जस्तैः दशैं, तिहार, होली, गौरा, औल्के, मागे संक्रान्ति, कृष्ण जन्माष्टमि यहाँका प्रमुख चाड पर्वको रुपमा रहेको पाइन्छ ।

स्थापना :२०७३ साल चैत १ गते
भौगोलिक अवस्थिति कूल क्षेत्रफलः १२७.०१ बर्ग कि.मि. काठमाण्डौं देखि को दुरीः ८५० कि.मि.
उचाईः १३८७.४५ मि.
जनसंख्या (के.आई.सिंह गाउंपालिकाको *Profile* अनुसार) जम्माः **२५२१२**
राजनैतिक बिभाजन बिकास क्षेत्र सुदूर पश्चिममा, अंचल सेती, जिल्ला डोटी,
संसदीय निर्वाचन क्षेत्र नम्बर १, प्रदेश निवार्चन क्षेत्र नम्बर २, वडा संख्या ७
सिमाना पुर्वः पूर्वमा अछाम र बोगटान गाउंपालिका ,पश्चिममा बडीकेदार गाउापालिका र शिखर न.पा.,
उत्तरमा दिपायल शिलगढी न.पा. र शिखर न.पा. र दक्षिणमा बोगटान गाउंपालिका

## १.२. समिक्षा

यस के आई सिंह पालिकाको प्रथम गाउसभाबाट कुल बजेट........... मध्य वडाहरुमा .....बजेटको बिनियोजन गरिएको थियो भने । दोस्रो र तेस्रो गाउसभाबाट आर्थिक बर्ष ०७५।०७६ मा कुल बजेट ................मध्य वडाहरुमा .......बजेट बिनियोजीत गरिएको थियो ।

## खण्ड दुई आ ब ०७६।०७७ को निती तथा कार्यकम

**२.१.१.सोच** : गाउ पालिका क्षेत्रमा रहेको कृषि, पशुपालन, स्वास्थ्य, पूर्वाधार बिकास, प्राकृतिक स्रोत र पर्यटकीय क्षेत्रको उचित सदुपयोग एबं बिकास गरी सुखि, समृद्ध र समतामूलक गाउपालिका बनाउने ।

**२.१.२.लक्ष्य :** सबै कृषि योग्य जमिनको उपयोग गर्ने, पशुपालनलाई ब्यबसायिक बनाउने, पर्यटकीय क्षेत्रको संरक्षण र ब्यबस्थापन गर्ने, समाबेशी बिकासमा जोड दिने, उद्यमशिलताको बिकास गर्ने एबं भौतिक पूर्बाधारको बिकास गरी गरिबी न्युनिकरण गर्ने ।

**२.१.३.उद्देश्य :** (क) गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको बिकास,

ख) समतामूलक र समाबेशी गाउपालिकाको बिकास,

ग) स्वस्थ, हरियाली र आत्मनिर्भर गाउपालिकाको निर्माण

**२.१.४.अपेक्षित उपलब्धी** : गाउपालिकाका दुखिबिरामीले स्वास्थ्य उपचार पाएका हुनेछन्, मुख्य बजार क्षेत्रहरु आर्कषक र सुबिधायुक्त हुनेछन्, सबै ग्रामीण बस्तीहरुमा सडक, बिजुली, खानेपानी सुबिधा पुग्नेछ । बिद्यालय उमेर समूहका सबै बालबालिका बिद्यालयमा रहनेछन्, प्रत्येक वडामा खेलमैदान हुनेछ, पर्यटकीय क्षेत्रको संरक्षण हुनेछ, रोजगारीको सृजना भई गरिबी घट्नेछ , दलित जनजाती अपांग बिपन्न महिला बालबालिकाहरुले बिकास निर्माणमा अर्थपूर्ण सहभागिता जनाई उनीहरुले सेवा उपभोगका लागि प्राथमिकता पाउनेछन् ।

## २.२. बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरुः

२.२.१. समग्र नीति तथा आधारहरु केआईसिंह गापाले आगामी नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा लिइएका समग्र नीति तथा कार्यक्रमलाई यस प्रकार प्रस्तुत गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

के आई सिंह गाउपालिकाको आर्थिक वर्ष २०७६।०७७ को बार्षिक विकास योजना तर्जुमा गर्दा अवलम्वन गर्नु पर्ने प्रक्रिया पूरा गरी आएका स्थानिय जनताहरुको मागहरुलाई गाउपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भब समेटने प्रयत्न गरेका छौ । योजना तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसुची ८ मा व्यस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसुची ९ मा व्यवस्था गरीएका साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था, संघीय सरकार एबं प्रदेश सरकार र राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्ग निर्देशनलाई पूर्णतः पालना गर्दै योजना तर्जुमा गरिएको छ । यसका साथै गाउ विकास योजना निर्माणकालागि वडा समितिहरु, विभिन्न लक्षित समूहहरु राजनैतिक दलहरु, बिषयगत शाखाहरु बिषयगत समितिहरु तथा गैर सरकारी संघ संस्था, नागरीक समाज, बुद्धिजिवी वर्ग लगायतबाट प्राप्त सुझाव एंव वडास्तरीय भेलाबाट आएको प्राथमिकीकरणका आधारमा गाउकार्यपालिका बैठकबाट सिफारिस भई आएका योजनाहरुलाई गाउ सभामा पेश गरिएको छ । के आई सिंह गाउपालिकाले बिगतका आर्थिक बर्षहरुमा कृषि, स्वास्थ्य, शिक्षा, सडक, बिधुत तथा मानवीय जनशक्ति निर्माण लगायत क्षेत्रहरुलाई प्राथमिकताका साथ लगानी गरेको थियो ।

केआईसिंह गाउपालिकाको आगामी आर्थिक बर्ष ०७६/०७७ को निती तथा कार्यक्रम पेश गर्न गइरहेको छु । स्थानिय तह संचालन ऐन , नेपाल सरकार, प्रदेश सरकारबाट बिभिन्न मितिमा जारी भएका तथा के आई सिंह गाउपालिकाले जारी गरेका निति नियम, ऐन , कार्यबिधीहरुको अधिनमा रही निती तथा कार्यक्रमहरु तय गरिएको छ ।

## आर्थिक विकास सम्बन्धि निति तथा कार्यक्रमहरु :

### क) कृषि :

दिर्घकालिन रुपमा गाउपालिकाको समृद्धिका लागि केआईसिंह गाउपालिकाले कृषि क्षेत्रलाई मुख्य प्राथमिकता दिएको छ । कृषिमा आधुनिकरण भित्राउदै सामुहिक वा एकल रुपमा हरेक किसानलाई आत्मनिर्भर बनाउन कृषिको ब्यावसायीकरण, बैज्ञानिकरण तथा बिबिधीकरण गरिनेछ । आवश्यकताका आधारमा कृषि निती तथा योजना बनाई कार्यान्वयन गरिने छ ।

- कृषि क्षेत्रको समग्र विकास गर्ने गरि गाउँपालीकाले ३ वर्षे रणनीतिक योजना तयार गरि कार्यान्वयन गरिनेछ ।
- ब्यावसायीक कृषकहरुको पहिचान गरि परिचयपत्र दिइनेछ । सो परिचयपत्रको अद्यावधिक गरि ब्यावसाय तर्फ थप प्रोत्साहनका कार्यक्रम लागु गरिनेछ । यसै बर्ष १ लाख रुपैया भन्दा बढी कारोबार गर्ने किसानहरुलाई प्रोत्साहन स्वरुप नगद रकम किसानकै बैंक खातामा जम्मा गर्ने कार्यक्रम लागु गरिनेछ ।
- 'हाम्रो पुर्खा हाम्रो कपास, हाम्रो उत्पादन हाम्रो बिश्वास' नाराका साथ कपास खेतीमा जोड दिइनेछ ।
- कृषि क्षेत्रको व्यावसायीकरणमा जोड दिई गुणस्तरता कायम गर्दै कृषक ,यूवा, उद्यमी तथा प्राविधिकहरुको क्षमता अभिबृद्धिमा जोड दिइनेछ ।
- यूवामैत्री व्यवसायिक उत्पादनमा जोड दिईने छ ।
- कृषि क्षेत्रमा रहेका श्रमशक्तिको अभावलाई सम्वोधन गर्दै आवश्यक ज्ञान ,सीप ,प्रविधि र लगानीको वातावरण सिर्जना गरि यान्त्रीकरणमा विशेष जोड दिईने छ । कृषि उपकरणमा ७५ प्रतिशत अनुदान दिइनेछ ।

- सिंचाईको अभाव भएका क्षेत्रमा सुख्खा सहन सक्ने बालीको खेती गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ र सिंचाईको लागी आकाशे पानी संकलन तथा उपयूक्त प्रविधिको प्रयोग गरि सहजता ल्याईनेछ ।
- ग्रामिण क्षेत्रमा कृषि उत्पादन अभिबृद्धि गर्न बजार संवन्धि आवश्यक पूर्वाधारहरुको विकास गरिने छ ।
- पोषण असुरक्षित क्षेत्रमा स्थानीय स्तरमै पौष्टिकता वोकेका बालीहरुको उत्पादन प्रवर्द्धन गरि पौष्टिक तत्वको उपयोग बढाउन विशेष चेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।
- उत्पादन सामग्रीको सहज आपुर्तिको व्यवस्था गरि आवश्यक बीउ, मल तथा उपकरणमा अनुदानको व्यवस्था गराई कार्यक्रमलाई अगाडी बढाईने छ ।
- बाली बिमा गर्न किसानहरुलाई सचेतनामूलक कार्यकम संचालन गरिनेछ ।
- कृषि उत्पादनको माग र आपुर्ति बीच सामन्जस्यता ल्याउन कृषक,उपभोक्ता र सरोकारवालाहरुसंग सामुहिक हित प्रवर्द्धन गर्ने कार्यक्रम ल्याईने छ ।
- विगतका कृषि सम्बन्धि अनुभवका आधारमा स्पष्ट मापदण्ड तयार गरी कृषि उत्पादनको गुणस्तरीयतामा जोड दिईनेछ ।
- निजी उद्यमी र सहकारी क्षेत्रको संलग्नतामा करार तथा सहकारी खेतीलाई बिशेष जोड दिईनेछ ।
- एक गाउँ एक उत्पादन कार्यक्रम अन्तर्गत बालीको व्यवसायिक उत्पादन हुने क्षेत्रलाई पकेट क्षेत्र घोषण गरि कृषकलाई एकिकृत सेवाहरु सर्वसुलभ रुपमा प्रदान गरिनेछ ।
- वीउविजन, माटो परिक्षण र बाली संरक्षण सेवालाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।
- विषादीबाट मानव स्वास्थ्यमा पर्ने दुरगामी असरलाई मध्यनजर गर्दै रसायनीक विषादी तथा मलको प्रयोग कम गर्दै प्रागांरिक उत्पादनलाई प्रोत्साहन गरिने छ ।
- जलवायू परिवर्तनको असर न्यूनिकरण र अनुकुलनका प्रविधि तथा अभ्यासलाई प्रवर्द्धन गरिने छ ।
- बाँझो रहेको जमिनलाई कृषि कार्यमा उपयोग गर्न तथा टुक्रिएको जमिनको चाक्लाबन्दी गरी व्यवसायिक कृषि कार्यमा प्रयोग गर्न कबुलीयती खेतीमा जोड दिईने छ । बाझो जमिन राख्ने प्रबृतिलाई निरुत्साहीत गरिनेछ ।
- कृषकको आवश्यकता अनुसार अन्तर जिल्ला स्तरीय कृषक अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
- पौष्टिक महत्व बोकेका लोपोन्मुख रैथाने बाली संरक्षण कार्यमा विशेष जोड दिईने छ ।
- कृषि सम्बन्धी प्रचारप्रसार तथा अनुभव आदान प्रदानका कार्यकम अघि बढाइनेछ ।
- मसला वाली र च्याउको पकेट क्षेत्र विकास गरिनेछ ।
- रोजीरोटीका लागि युवाहरु बिदेश जाने प्रचलनलाई निरुत्साहीत गर्न गाउपालिकाभित्रै रोजगारी दिन स्वरोजगारीका गतिबिधी अघि बढाइनेछ ।

**ख) पशु सेवा :**

- रैथाने जातको पशू पंक्षिहरुको संरक्षण र विकासकोलागी श्रोत केन्द्रको विकास गरिने छ ।
- एक वडा एक उत्पादन कार्यक्रम लागु गरी औचित्यको आधारमा गाई भैसि, भेडा, बाखा, बंगुर सुंगुर, हाँस, कुखुरा तथा माछापालन सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ ।
- युवा लक्षित कार्यकम अर्न्तगत निजी साझेदारी र सहकारी क्षेत्रको संलग्नतामा करार तथा सहकारी पशुपालनलाई बिशेष जोड दिइनेछ ।

- बाझो रहेको तथा कबिलुनियती बनमार्फत घाँस खेती कार्यक्रम लागु गरि घाँस फर्मको स्थापनामा लगानी गरिनेछ ।
- स्वस्थ पशु स्वस्थ उत्पादन अनुरुप प्रत्येक वडामा पशु स्वास्थ्य शिबिर तथा आवश्यक औषधी व्यवस्था गरिनेछ ।
- स्वस्थ र ताजा मासुका साथै दुग्धजन्य उत्पादनका साथै सुलभ उपलब्धताको लागि अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- कृषकसंग अध्यक्ष कार्यक्रम संचालन गरि कृषक, कर्मचारी र जनप्रतिनिधीहरुको संयुक्त अनुगमन गरिनेछ ।
- कुखुराका चल्ला उत्पादनका लागि ह्याचरी स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

**ख) उद्योग तथा बाणिज्य :**

- यस बर्षबाट खुल्ला सरकारको अवधारणा लागु गरिनेछ । स्वास्थ्य, शिक्षा र भौतिक पूर्वाधारतर्फका केही योजनाहरु बनाई निजी क्षेत्रसंग सहकार्यका लागि अघि बढिनेछ ।
- उद्योग व्यवसाय दर्ता तथा करदाता शिक्षा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- ब्यापार ब्यवसायलाई प्रबर्धन गरिनेछ । पर्यटन क्षेत्रमा टेवा पुर्‍याउने ब्यवसायीसंग सहकार्य गरिनेछ ।
- युवाहरुको रोजगारी सृजनाको बाताबरण बनाउन जनशक्ति उत्पादन गर्ने तथा सीपमूक तालिमको आयोजना गरिनेछ ।
- गाउपालिकाभित्र उद्योग, कारखाना तथा पर्यटन प्रबर्धन गर्न चाहने लगानीकर्ताहरुलाई प्रोत्साहन गर्न बिशेष निती लागु गरी केही बर्षका लागि करहरुमा छुट दिइने छ ।
- घरेलु उद्योग स्थापना तथा बजारीकरणका लागि गाउपालिकाबाट सहजीकरण गरिनेछ ।
- परम्परागत पेशाहरुलाई ब्यावसायीकरण तथा आधुनिकीकरण गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

**ग) पर्यटन तथा संस्कृति**

- के आई सिंह गाउपालिकाको पर्यटन प्रर्बधन र बिकासका लागि गुरुयोजना तयार पारी सोही अनुरुप लगानीको बाताबरण बनाइनेछ ।
- के आई सिंह संग्रहालयको भौतिक संरचना निर्माण कार्य सुरुवात गरिनेछ । संग्रहालयको प्रचार प्रसारमा तिब्रता दिइनेछ ।
- गाउपालिकाभित्र एउटा पर्यटकीय गन्तव्य छनोट गरि केआईसिंह पार्क निर्माण गरिनेछ ।
- के आई सिंह गाउपालिका भित्र रहेका धार्मिक, सांस्कृतिक, रहनसहन तथा पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुको राष्ट्रिय अर्न्तराष्ट्रिय रुपमा प्रचार प्रसार गर्नका लागि मायाको चिनो, पोष्टर, प्रचार सामाग्रि , ब्रोसर बनाइने छ ।
- बिबिधतायुक्त समाज रहेको यस गाउपालिकामा एक वडा एक संस्कृतीका रुपमा त्यसको संरक्षण, प्रवर्धन र बिकासका लागि बजेट बिनियोजन गरिनेछ ।
- स्थानिय चाडपर्व, मेला, पर्व, दिवसहरुको सर्म्बद्धन, प्रबर्द्धन तथा प्रचार प्रसार गरिनेछ ।
- वायल- अल्लेवन-लोली हुँदै गणेशकाँडा सडकको थप स्तरोन्नती गर्दै प्रस्तावित क्षेत्र गणेशकाँडा -ओझा खर्क केदार लगायतका क्षेत्रहरुलाई पर्यटकीय क्षेत्र बनाईनेछ ।

- छत्रेश्वर, पिलेगाडा क्षेत्रलाई बनभोज क्षेत्रका रुपमा प्रचार प्रसार गरि पूर्वाधारहरु बनाउने क्रमलाई निरन्तरता दिइनेछ ।

**घ) सहकारी**

- सहकारीका सात सिद्धान्तको मर्मलाई आत्मसाथ गर्दै गाउपालिका भित्र रहेका सहकारीहरुको स्तरीकरण तथा सबलीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । तर सहकारीताको मान्यता अनुरुप नचल्ने सहकारी संस्थालाई नियमन गरिनेछ ।
- ***'एक गाउँ एक सहकारी, न्यून पारौं वेरोजगारी'*** नारा अन्तर्गत कृषि सहकारी स्थापनामा जोड दिदै त्यसलाई व्यवशायीकरण सँग आवद्ध तुल्याईने छ ।
- सहकारी संस्थाहरुको सहकार्यमा सामाजिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- दशै तथा तिहार जस्ता चाडपर्वका बेला मुख्य मुख्य बजारमा सहकारी मार्फत सहुलियत पसलहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**ङ) बित्तीय क्षेत्र**

- कृषिलाई प्राथमीकता दिने वित्तीय संस्थाहरुको बिस्तारिकरणका लागि गाउँपालिकाले समन्वय तथा सहजीकरण गरिनेछ ।
- बित्तिय संस्थाहरुलाई कृषि तथा उत्पादनशिल क्षेत्रमा लगानी गर्नका लागि समन्वय गरिनेछ ।
- सार्वजनिक तथा ब्यक्तिगत कारोवारहरु बित्तिय संस्थाहरुबाटै गर्न गराउन प्रोत्साहन गरिनेछ ।

## सामाजिक विकास

### शिक्षा

- स्थानिय भाषा, बिषयबस्तु, संस्कृति, परम्परा र इतिहास समेटेर बिद्यालयको स्थानिय पाठ्यक्रम निर्माण गरिनेछ ।
- के आई सिंह गाउपालिका भित्रका ५ वटा बिद्यालयहरुलाई नमुना बिद्यालयका रुपमा छनोट गरि तपसिल बमोजीमका कार्यक्रम लागु गरिनेछ ।
  - बिद्यार्थीको सिकाइ उपलब्धी सुधारका लागि ***'किताबसंग बालक'*** कार्यक्रम लागु गरिनेछ । सो कार्यक्रमबाट हरेक बर्ष कम्तिमा ५ अंकका दरले सिकाइ उपलब्धी बृद्धि हुने अपेक्षा गरिएको छ ।
  - बिद्यालयको शैक्षिक गुणस्तर प्रति बिद्यालय ब्यवस्थापन समिति र अभिभावकहरुलाई जिम्मेवार बनाउन ***'व्यवस्थापन र सम्वन्वय मेरो जिम्मेवारी'*** तथा '**विद्यालयसँग अभिभावक**' कार्यक्रम लागु गरिनेछ ।
  - बिद्यालयलाई हरियाली, मनमोहक र शैक्षिक बाताबरणयुक्त बनाईने छ । त्यसका लागि **'पाठशाला एक बगैंचा'** कार्यक्रम बिद्यालयमा संचालन गरिनेछ ।
  - बिद्यार्थीलाई पढाईप्रति सृजनशिल बनाउनुपर्छ । त्यसका लागि बिद्यालय र कक्षाकोठा आर्कषक, चिटिक्क र सफा हुन जरुरी छ । यस आर्थिक बर्षमा बिद्यालयहरुलाई ***'सृजनाको स्रोत कक्षाकोठा'*** अभियान चलाइनेछ ।

- विद्यालयहरुको निरन्तर अनुगमन तथा सुपरिबेक्षणका लागि अनुगमन संयन्त्र बनाइनेछ ।
- बिद्यालय क्षेत्र सुधार कार्ययोजना आवश्कता अनुसार संशोधन गरि पूर्ण कार्यान्वयनमा जोड दिइने छ ।
- गतबर्ष लिइएको निति अनुसार यस आर्थिक बर्षमा झिमेमालिका माध्यमिक विद्यालयमा कृषि बिज्ञान तर्फको प्राबिधीक बिषय पढाइका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।
- के आई सिंह छात्रबृति यस बर्ष पनि निरन्तरता दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालय, समुदायस्तरमा वडास्तर र गाउँपालिकास्तरमा रहेका बालक्लवहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- ई हाजिरीको कार्यान्वयनका लागि निर्देशिका बनाइ कडाईरुपमा कार्यान्वयन गरिनेछ ।
- शिक्षाको गुणस्तरका लागि बिद्यालयहरुको क्षमता, आवश्यकता र सामर्थ्यका आधारमा अनुदान तथा लगानी गरिनेछ ।
- बिद्यालयहरुको गुणस्तरीय नतिजाका आधारमा प्रोत्साहनको ब्यवस्थाका लागि पहल हुनेछ ।
- के.आई.सिंह गाउँपालिका भित्ररहेका बालविकाश सहयोगी कार्यकर्तालाई प्रोत्साहान भत्ताको व्यवस्था गराईने छ ।
- माध्यमिक विधालयमा कार्यरत लेखापालहरुलाई प्रोत्साहान भत्ताको व्यवस्था गराईने छ ।

**स्वास्थ्य**

- दुर्गामाण्डौ स्वास्थ्यचौकीमा संचालन गरिएको एम वि वि एस.डाक्टरबाट स्वास्थ्य सेवा प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- दुर्गामाण्डौ स्वास्थ्य चौकीबाट प्रदान गरिएको फार्मेसि, ल्याव, X ray र USB सेवालाई थप ब्यवस्थित गरिनेछ ।
- वडा नं. १ र ७ मा स्थापना भएका आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि पहल गरिनेछ ।
- नेपालको संबिधान २०७२ अनुसार कुनै पनि नागरिक आधारभुल स्वास्थ्य सेवा बाट बञ्चीत हुनेछैन भन्ने मर्मलाई आत्मा साथ गरी के.आई.सिंह गाउँपालिका वडा नं. २ दाडीमाटीमा सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरिने छ । साथै अन्य दुर्गम क्षेत्रमा पनि बिस्तार गरिनेछ ।
- नियमीत र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चितता गर्न विभिन्न औजारहरुको प्रयोग गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको सेवा पारदर्शि, जवाफदेही र बिश्वसनीय बनाउन स्वास्थ्य चौकीहरुमा नियमित सामाजिक परिक्षण गरिने छ ।
- स्वास्थ्य चौकीहरुमा कर्मचारीहरुको नियमीत उपस्थितिको सुनिश्चता गर्न ई हाजिरिको व्यवस्था गरिने छ ।
- दुर्गामाण्डौ स्वास्थ्यचौकीमा गाउँपालिकाले नियुक्त गरेका एमबिबिएस डाक्टरबाट दुर्गम क्षेत्रका बासिन्दाहरुको स्वास्थ्य चेकजाँचका लागि घुम्ति सेवा संचालन गरिनेछ । सो दिन ग्रामीण अल्ट्रासाउण्ड सेवा पनि गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षणका लागि निशुल्क गरिने छ ।
- बिद्यालयमा हुनसक्ने चोटपटक तथा प्राथमिक स्वास्थ्य उपचारको ब्यवस्था गर्न प्रत्येक विधालयका १ जना शिक्षकलाई प्राथमिक उपचार सम्बन्धी तालिम दिनुका साथै प्राथमिक उपचार किट बाकस उपलब्ध गराईने छ ।

- गत आर्थिक बर्षमा नमुनाका रुपमा वडा नं. ५ बाट  सुरुवात गरिएको सामुदायिक बिद्यालयको स्वास्थ्य परिक्षण कार्यक्रमलाई  विस्तार गरिने छ ।
- गत आबमा के.आई.सिंह गाउँपालिकाको वडा नं. ५ स्थित सामुदायिक बिद्यालयहरुमा गरिएको स्वास्थ्य परिक्षणका क्रममा अधिकांस बिद्यार्थीहरुमा दात, आखा र कानको समस्या देखिएको छ । नमुनाका रुपमा गरिएको स्वास्थ्य परिक्षणबाट पाठ सिक्दै गाउपालिका भरिका बिद्यार्थीहरुको स्वास्थ्य अवस्थाबारे अभिलेख राखिने छ । सो अभिलेख बिद्यालय, वडा र गाउपालिकामा राखि आगामी आर्थिक बर्षमा स्वास्थ्य तथा शिक्षाका योजनाहरु तयार पारिने छ ।
- के.आई.सिंह गाउँपालिकाको विभिन्न स्थानहरुका स्वास्थ्य शिबिर संचालन गरिने छ ।
- स्वास्थ्य संस्थामा प्रसुति हुन आउने संख्या प्रोत्साहन गर्न प्रसुति हुने आमाहरुलाई न्यानो कम्बल वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न के.आई.सिंह गाउँपालिका भित्र संचालनमा रहेका बर्थिङ्ग सेन्टरहरुलाई जनशक्ति तथा साधन श्रोत सम्पन्न बनाइनेछ ।
- नवजात शिशु, बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
- परिवार नियोजन, झाडापखाला, टाइफाइड लगायत सरुवा रोगहरुका साथै नसर्ने रोगहरु जस्तै उच्च रक्तचाप, मधुमेह आदि जस्ता रोगहरुबारे जनचेतनामूलक कार्यक्रम वडास्तरमा लगिनेछ ।
- किशोरीहरुमा देखिएको रक्त अल्पतालाई न्युन गर्न बिद्यालय र समुदायबाट आइरन चक्की बितरण गर्ने कार्यक्रम यसै आवबाट लागु गरिनेछ ।
- स्वास्थ्य सेवामा प्रेषण प्रकृयालाई सहज बनाउन एम्बुलेन्स सेवा संचालन गरिने छ ।
- ज्येष्ठ नागरिकहरुको स्वास्थ्य चेकजाँचका लागि वडास्तरमा शिबिरहरु राखिनेछ ।
- स्वास्थ्य चाकीहरुमा निशुल्क औषधि वितरणकोलागी औषधिकोलागी रकम विनियोजन गरिने छ ,
- बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाई थप प्रभावकारी तुल्याईनेछ ।

**खानेपानी तथा सरसफाई**

- गाउँपालिकाका सम्पुर्ण वडाहरुमा स्वच्छ खानेपानिको लागि व्यवस्था गरिनेछ ।
- खानेपानीको चर्को समस्या भएका क्षेत्रमा संचालीत खानेपानी धारामा मीटर जडान गरिनेछ ।
- पूर्ण सरसफाईयुक्त गाउपालिका घोषणाका लागि आधार तयार गर्न नितीगत ब्यवस्था गरिनेछ ।
- पुराना धारा, नाउलाहरुको संरक्षण गरिनेछ ।
- रानागाउ, बासुदेवी, तिखात्तरको खानीपानी समस्या समाधान गरिनेछ ।
- खानेपानी अभाव भएका क्षेत्रहरुको लागि बैकल्पीक उपाय खोज्न सम्भाब्यता अध्ययन गरि यथाशिघ्र समस्या समाधानका लागि पहल गरिनेछ ।
- पानीका मुहानहरुको रिचार्जका लागि प्रभावकारी योजनाहरु बनाई लागु गरिनेछ ।
- बजारक्षेत्रको सरसफाई व्यवस्थापनका लागि डम्पीङ्गसाइडको ब्यवस्था गरिनेछ ।
- गाउँपालिकाका प्रत्येक टोल वस्तीमा स्वस्च्छ खानेपानिको लागि पहल गरिनेछ । जसलाई स्रोतको पहिचान तथा संरक्षण गरी स्रोत अभिलेख तयार पारिनेछ ।

**खेलकुद तथा मनोरञ्जन**

- दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुद बिकासको निती अवलम्बन गरिनेछ ।
- गाउपालिकास्तरीय भलिबल प्रतियोगिता निरन्तता दिइनेछ । 'पुरुष सरह महिला' नाराका साथ अन्तर बिद्यालय स्तरीय महिला भलिबल प्रतियोगीता संचालन गरिनेछ । महिलाहरुलाई अन्य खेलकुद बिधामा आर्कषण गर्न बिभिन्न कृयाकलाप संचालन गरिनेछ ।
- राष्ट्रिय अन्तराष्ट्रिय स्तरका खेलाडीहरु उत्पादनका लागि प्रोत्साहनमूलक नितीहरु अवलम्बन गरिनेछ ।
- बिभिन्न खेलकुदका बिद्याहरुमा खेलाडीको उत्पादन र क्षमता बिकासका लागि खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ ।

**लैङ्गिक समानता र समावेशिकरण**

- 'दलित संग अध्यक्ष' कार्यकमलाई प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ ।
- 'महिलासंग उपाध्यक्ष' कार्यकम यो बर्षबाट सुरुवात गरिनेछ । त्यसअर्न्तगत निम्न गतिबिधी अघि बढाइनेछ ।
    - ✓ गरिब, बिपन्न, जेहेन्दार,दलित, आदिबासी , टुहुरा, सडकबालबालिका तथा बेसहारा छात्राहरुको पहिचान गरि कक्षा ११ र १२ मा निशुल्क  पढाउन व्यवस्था गरिनेछ ।
    - ✓ महिलाहरुको नेतृत्व क्षमता बिकास कार्यकमहरु संचालन गरिनेछ ।
    - ✓ महिलाहरुका लागि लोकसेवा तयारी कक्षा संचालन गरिनेछ ।
    - ✓ महिलामाथि हुने बिभेद, घरेलु हिंसालाई सम्बोधन गर्न पीडीत महिला संरक्षण कार्यकम लागु गरिनेछ ।
    - ✓ बालश्रम, बालबिबाह तथा बिभिन्न अन्धबिश्वास रुढीबादी कुरिती न्युनीकरण लागि सचेतनामूलक कार्यकम संचालन गरिनेछ ।
    - ✓ पीडीत, बेसहारा र अन्यायमा परेकाहरुको अल्पकालिन संरक्षणका लागि बेग्लै कोष वा सेल्टर स्थापनाका लागि पहल गरिनेछ ।
    - ✓ एकल तथा दलित महिलाको हित प्रवर्धन गर्ने , सीपविकास र आयआर्जन गर्ने कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइनेछ । सामाजिक कुरीतीको रुपमा रहेको बालविवाह, बहुविवाह, रुढीवादी, अन्धविस्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतीकरण गरिनेछ ।
    - ✓ महिलाहरुको आत्मनिर्भरताका लागि बिभिन्न आयमूलक स्वरोजगार, उद्यमशिलताको बिकासका लागि पहल गरिनेछ ।
    - ✓ पाठेघर सम्बन्धी समस्या भएका महिलाहरुको निशुल्क उपचारको जिम्मेवारी गाउपालिकाले ग्रहण गर्नेछ ।
- सार्वजनिक सेवा प्रवाह, बिकास निर्माण, सेवा सुबिधा लगायतका सबै क्षेत्रमा लक्षित बर्गको सम्मानजनक उपस्थिती गराउने निती अवलम्बन गरिनेछ ।
- न्यायीक समिति अर्न्तगतका वडास्तरीय मेलमिलाप समितिहरुको क्षमता बिकासका लागि सशक्तिकरणका कार्यकम संचालन गरिनेछ ।
- मेलमिलाप समितिहरुलाई आवश्यक सामाग्रिहरुको व्यवस्था गरिनेछ ।
- न्यायीक समिति तथा मेलमिलाप बिकास केन्द्रहरुको महत्व, भुमिका र आवश्यकताबारे लक्षित समुदायमा अझै अनभिज्ञता रहेकाले त्यसबारे समुदायस्तरमा जनचेतनामूलक कार्यकम संचालन गरिनेछ
- ज्येष्ठ नागरिकहरुको  सामाजिक सुरक्षा भत्ताको वितरण सहज तुल्याईनेछ ।

- ज्येष्ठ नागरिक हाम्रा अभिभावक हुन् । तिनले आफ्नो जीवनमा दिएका अतुलीलय योगदानको कदर गर्दै तिनका अनुभवहरुको भरपुर उपयोग गरिने छ । साथै ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम राखिनेछ ।
- के.आई. सिंह गाउँपालिकाका सम्पूर्ण गाउँवासीको न्यायमा पहुच हुने गरि ब्यवस्था गरिनेछ ।
- अपाङ्गहरुको आयआर्जनका लागि स्वरोजगारमूलक कार्यक्रमहरु अघि बढाइनेछ ।
- 'फरक क्षमता पहिचान आजको आवश्यकता' भन्ने मूल नाराका साथ गाउपालिकास्तरीय अपाङ्गहरुको समिति गठन गर्दै उनीहरुको पहिचानका आधारमा बिभिन्न राहत तथा सहयोगका कार्यक्रम अघि बढाइनेछ ।
- अपाङ्गहरुको उपचार तथा सेवामा सहयोग गरिनेछ ।

## पूर्वाधार तथा भौतिक विकास

### क) स्थानिय सडक

- के आई सिंह गाउपालिकाभित्र निर्माण भइरहेका सडक 'हरियाली' बनाइनेछ । मुख्य सडकहरुको यसै बर्षदेखि दायाबाया दुबै छेउमा सुन्दर फुल फुल्ने रुखहरु लगाई सडकको सौन्दर्यता बढाउन जोड दिइनेछ ।
- ट्र्याक खोलीएका क्रमागत सडकहरु यसै आवभित्र सम्पन्न गर्ने गरि बजेट बिनियोजन गरिनेछ । साथै ट्र्याक खोली सम्पन्न भएका सडकको मर्मत, स्तरोन्नतीका लागि बिशेष प्राथमिकतामा राखिनेछ ।
- सडक निर्माण गर्दा हरित सडक, बाताबरणमैत्री सडक निर्माण गर्ने निती लिइने छ ।
- १० लाख भन्दा बढी बजेट विनियोजन भएका योजनाहरुलाई टेन्डर प्रक्रियामा लग्न प्राथमिकता दिइनेछ
- वातारण र जलवायु अनुकुल स्थानिय सडक निर्माणमा जोड दिईनेछ ।
- सडक मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

### सिचाई

- गाउपालिका भित्र रहेका गौरबका सिचाई योजना ( अमसैन सिचाई योजना र बोतडीसैन सिचाई योजना, झिगाबस्ती सिचाई योजना,पडेसेरा सैन सिचाई योजना )यस बर्ष पनि निरन्तरता दिइनेछ । यसै आर्थिक बर्षभित्र निर्माण गरिने ।
- सिंचाईका माध्यमबाट कृषिको उत्पादन बढाई स्वरोजगारी सिर्जना गर्न गाउँपालिका भित्र सिचाई आयोजनाहरु सञ्चालन गरिनेछ ।
- सेती नदि किनार रहेका वडा नं. २ ,३  र ५ का खेतहरुमा  सोलार प्रबिधीको माध्यमबाट  सिचाईको ब्यवस्था गरिनेछ ।
- सिचाई अहिलेको आवश्यकता भन्ने मर्मलाई आत्मसाथ गरि आवश्यक निती बनाई प्रदेश र संघीय सरकारसंग समन्वय गरिनेछ ।

### भवन तथा शहरी बिकास

- गाउपालिका भित्र रहेका सुकुम्बासीहरुको पहिचान गरि एकिकृत आवासीय बस्ती बनाइ लागु गरिनेछ । यो बस्ती पर्यटन प्रर्बधन संग जोडिनेछ ।

- भवन निर्माण आचारसंहिता  अनुरुप गाउपालिकास्तरीय आचार संहिता निर्माण गरि भवन निर्माण र शहर व्यवस्थापनको निती ल्याइने छ ।
- उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दर्घिकालीन सम्म आयोजनाको सञ्चालनका लागि, व्यवस्थापन र मर्मत सम्भारका लागि वडा स्तरमा मर्मत सम्भार कोष खडा गरिनेछ । जसको परिचालन निर्देशिका बनाई लागु गरिनेछ ।
- .विकासका दृष्टिले पछाडी परेका गाउँपालिकाका क्षेत्रलाई प्राथमिकता दिदै सन्तुलन, वातावरण अनुकुल गुणस्तरीय र दिगो रुपमा भौतिक पूर्वाधारको विकास गरिनेछ ।
- वडा कार्यालयको भवन नभएका वडामा भूगोल र जनसंख्याको आधारमा वडाको केन्द्र निर्माण गरि वडा कार्यालयको लागि वजेट विनियोजन गरिनेछ ।
- ब्यवस्थीत बसोबासका लागि निती बनाइने छ ।
- के आई सिंह गाउँपालिकाको वडा नं. ७ मा रहेको सैनमा 'स्मार्ट सिटि' को योजना तयार गरिनेछ ।

**उर्जा तथा लघु जलबिधुत**

- समुदाय संग सहकार्य गरी गाउँपालिका प्रत्येक टोल वस्तीमा वत्ति पुऱ्याई उज्यालो गाउँपालिका मार्फत जीवनशैलीमा परिवर्तन ल्याईनेछ ।
- लघु जलबिद्युतको सम्भाब्यता अध्ययन गरी गाउपालिकाकै लगानीमा लघु उर्जा उत्पादनको लागि अवसरको खोजी गरिनेछ ।
- बिद्युत महसुल बुझाउन जनतालाई सास्ती भएको महसुस गरि बिद्युत महसुल केन्द्र स्थापना गरिनेछ ।

**सूचना तथा संञ्चार**

- अहिलेको युग सूचना प्रबिधीको भएकाले  नेपाल टेलिकमको सेवा थप गुणस्तर बनाउन पहल गरिनेछ ।
- गाउपालिकाको आफ्नै वेभसाइटलाई थप प्रभावकारी बनाइनेछ ।
- नागरिकहरुको सूचनामा पहुच पुराउन पत्रपत्रिका र एफएमहरुको बिकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ । लोककल्याणकारी सूचना, बिज्ञापन तथा सन्देशहरुका लागि जिल्ला स्थित संचारमाध्यमहरुलाई प्राथमिकता दिइनेछ ।
- पत्रकारहरुको बिमाका लागि सहयोग गरिनेछ ।
- सञ्चारक्षेत्रमा क्रियाशील सार्वजनिक संघ-संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गरिनेछ । जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम प्रकाशन तथा  प्रसारण गर्न जोड दिईनेछ ।
- पत्रकारहरुको क्षमता अभिबृद्धि संगै स्थानियस्तरमा पत्रकारहरुको उत्पादनका लागि बाताबरण तयार गरिने छ ।
- गाउँपालिकाले गरेका गतिबिधी तथा कार्यसम्पादनहरुको सूचना प्रवाह गर्न, गाउँपालिका भित्रका सम्भावना, सांस्कृतिक तथा पुरातात्वीक सम्पदाहरु लगायतको संरक्षण र प्रबर्धनका लागि चौमासिक बुलेटिन प्रकाशन गर्नेछ ।
- इन्टरनेटको सेवाबाट बञ्चित रहेका वडाहरुमा नेटको ब्यवस्था गरिनेछ ।

**बन, वातावरण तथा विपद व्यवस्थापन**

- वातावरण छ र पो हामी छौ भन्ने मर्मलाई आत्मीकरण गर्दै यसको संरक्षण र सम्वर्धनमा जोड दिन वातावरण मैत्री क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- .पर्यावरणीय समुन्नत कायम गर्न वृक्षरोपण र वन संरक्षण कार्यलाई उच्च प्राथमिकता दिईनेछ । यसका लागि जनसहभागितालाई जोड दिइनेछ ।
- भौत्तिक पूर्वाधार तथा सडक निर्माण कार्यमा जनशक्तिलाई प्राथमिकता दिइनेछ ।
- जलवायु परिवर्तन अनुकुलका विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पानीका मुहानहरुको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।
- फोहरमैला व्यवस्थापनका लागि फोहोर मैला उत्पादनमा कमी गर्ने, पुनः प्रयोग गर्ने तथा प्रशोधन गर्ने (*Reduce, Reuse, Recycle – 3R*) निति अवलम्वन गरिनेछ ।
- फोहोरबाट मोहर निती अवलम्बन गरिने छ ।
- एक घर एक खाडल एक पसल एक डस्टविन को अवधारणा अवलम्वन गरि गाउँपालिका भित्रका वस्ती तथा वजारमा सरसफाई व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र *Dumping Site* को उचित स्थान पहिचान र व्यवस्थापन गरिनेछ ।
- हरित के.आई.सिंह गाउँपालिका भन्ने अवधारणा लागु गरिनेछ ।
- गाउँपालिका तथा वडाहरुमा विपद व्यवस्थापन कोषको रकमलाई वृद्धि गरी अभिभावकको भूमिका निर्वाह गरिनेछ साथै बिपत क्षती कम गर्न बिरोधात्मक उपायहरुको लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय विपद व्यवस्थापन समिति गठन गरी विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनीकरणको तयारी कार्य गरिनेछ । विपद न्यूनीकरणका लागि पूर्व सुचना प्रणाली सम्बन्धि कार्यक्रम तर्जुमा र कार्यन्वयन गरिनेछ ।

**सुशासन प्रवर्द्धन तथा संस्थागत विकास सेवा सम्बन्धि निति तथा कार्यक्रम :**

- के.आई.सिंह गाउँपालिकामा भ्रष्टाचार शुन्य सहनशीलताको नीति लिइनेछ । भ्रष्ट्राचारको गन्ध समाजमा आउन दिइने छैन । सुशासन बिकासको महत्वपूर्ण आधारस्तम्भ भएकाले पारदर्शि, जवाफदेहिता बनाउन के आई सिह गाउपालिकाको सुशासन निती र सामाजिक जवाफदेहिताका औजारहरुको कार्यबिधि अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको बिकास तथा निर्माण कार्यहरुमा नागरिक समाजको सहभागिता र संलग्नताको लागि बाताबरण तयार पारिनेछ ।
- .गाउँपालिकाको वित्तिय कारोवारलाई कम्प्युटरकृत गरी थप व्यवस्थित गरिनेछ । ई सेवालाई प्रभावकारी गर्दै प्रत्येक वडाहरुलाई सूचनामैत्री बनाउन कार्यक्रम संचालन गरिनेछ ।
- स्थानिय तहको कर्मचारीको लागि अवकाश कोषको स्थापना गरिनेछ । कोष प्रचलीत नितीनियम अनुसार संचालन गरिनेछ ।
- के.आई.सिंह गाउँपालिकालाई आवश्यक पर्ने उपकरण, स्टेशनरी सामानहरु खरिद गर्दा गुणस्तरीय चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिइनेछ साथै स्वदेशी उत्पादनलाई प्राथमिकता

दिईनेछ । कार्यालयमा भएका साधन उपकरणको वेलैमा नियमित मर्मत सम्भार गर्ने, अधिकतम पहिचान गर्ने र स्रोत अभिवृद्धिमा समेत प्रयोग निति ल्याइनेछ ।

- कार्यालयमा रहेका विभिन्न सवारी साधन, मेशिन, उपकरण, फर्निचरहरु लगायतका जिन्सी सामानहरु र कार्यालय संरचना चालु अवस्थामा राखिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कर्मचारीलाई विभिन्न किसिमको तालिम सञ्चालन गरी उच्चकोटीको प्रविधि अवलम्वन गर्ने निति लिइनेछ ।
- गाउँपालिका अन्तरगतका कार्यालय, बिद्यालयहरुमा जडान गरिएको इ हाजिरिको प्रभावकारी प्रयोगका लागि बेग्लै समिति गठन गरि अनुगमन गरिनेछ ।
- गाउँपालिकाका  प्रत्येक कार्यालयमा क्षतिपूर्ति सहितको नागरिक वडा पत्र व्यवस्था गरि कार्यान्वयन गरिनेछ ।
- प्रचलित कानुन वमोजिम वडा कार्यालयबाट सम्पादन गरिने सबै किसिमका सेवाहरुलाई विकेन्द्रीकरण सेवा संचालन गर्न प्रभावकारी व्यवहारिक बनाइनेछ ।
- प्रचलीत ऐन बमोजीम ज्यालादारीमा रहेका कर्मचारीहरुलाई करारमा लगिनेछ ।
- बिभिन्न संघसंस्थाहरुको संस्थागत बिकासका लागि सहयोग गरिनेछ । साथै प्रस्तावनाका आधारमा बिभिन्न कृयाकलापहरुमा सहकार्य गरि अघि बढीनेछ ।

**अन्तमा ,**

यस निती तथा कार्यक्रमबाट के आई सिंह गाउपालिकाको आर्थिक समृद्धिमा सुधार आउने अपेक्षा गरेकोछु । प्रस्तुत निती तथा कार्यक्रम बनाउन सहयोग गर्नुहुने गाउपालिका अध्यक्ष ज्यूहरु, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिका सदस्य ज्यूहरु, गाउसभाका सदस्य ज्यूहरु, गाउपालिकाका कर्मचारी साथीहरु, बिभिन्न संघसंस्थाका प्रतिनिधी, पत्रकार, नागरिक समाज लगायत सबैलाई हार्दिक धन्यबाद दिन चाहन्छु । यस निती तथा कार्यक्रम माथि रचनात्मक सुझाव सल्लाह दिनुहुनेछ भन्ने आशा गरेको छु । यस निति तथा कार्यक्रम कार्यान्वयनका लागि सबैले आ आफ्नो ठाउबाट सक्दो सहयोग गर्न गर्नु हुनेछ भन्ने अपेक्षा राखेको छु ।

धन्यबाद ।

मितिः २०७६।०३।१०

**उपाध्यक्ष**

मीना देवी बिष्ट

के.आई. सिंह गाउँपालिका,

वायल, डोटी